उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -११३

आज मिति २०८१/१२/२९ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री होमनाथ दाहाल | सचिव | |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ११३ मितिः २०८१/१२/२९

**प्रस्तावहरुः**

१) भाङ्गेखोला घडेरी डाँडा सडक स्तरोन्नती सडक आयोजनाको म्याद थप सम्बन्धमा।

२) खेलकुद कार्यक्रमको भुक्तानी गर्ने सम्बन्धमा।

**निर्णयहरुः**

१. यस उत्तरगया गाउँपालिकाको वडा नं.१ र २ को भाँगेखोला घडेरीडाँडा सडक स्तरोन्नती आयोजनाको कार्यसम्मपन्न गर्ने अवधी २०८१ चैत्र मसान्तसम्म रहेकोमा उक्त आयोजना निर्माणका क्रममा केही स्थानीयहरुले आयोजनासँग विवाद गरेको कारण कार्यसम्मपन्न गर्न नसकिने भएको हुँदा ६० दिन म्याद थप गरिदिनुहुन भनी यस गाउँपालिका कार्यालयमा निवेदन दिनुभएकोले उक्त आयोजनालाई जेष्ठ २९ गते सम्म सम्पन्न गर्ने गरी ६०(साठी) दिन म्याद गर्ने गरी कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

२. २०८० सालको दशैंमा उत्तरगया गाउँपालिका वडा नं. ३ मा ईन्द्रदेवी सामुदायिक संस्थाले यस गाउँपालिकाको वडा नं.३ मा फुटबल प्रतियोगिता आयोजना गरेकोमा उक्त संस्थाले आर्थिक सहयोग गरिदिन निवेदन पेश गरी गाउँ कार्यपालिकाको कार्यालयबाट निर्णय समेत भएको तर आयोजक समितिका संयोजकको असामयिक निधन भएकाले उक्त समयमा रकम भुक्तानी सम्बन्धी प्रक्रिया अगाडी नबढेकाले यस कार्यालयमा पेश गरेको विल भर्पाई सहितको आवश्यक कागजातको आधारमा गाउँपालिका कार्यालयबाट रु.१००,०००/-(अक्षेरुपी एक लाख रुपैंया मात्र) भुक्तानी गर्ने गरी कार्य अगाडीं बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

२०८१/१२/२३

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत